म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २४३ २०८० साउन १३ गते शनिबार 29 July 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.

९८५१३३२३८०, ९८०११८६७०९

# किसान महासंघको बुद्धचोकमा धर्ना



समाज संवाददाता

हेटौंडाः एमाले निकट अखिल नेपाल किसान महासंघ जिल्ला कमिटी मकवानपुर धर्नामा उत्रिएको छ । शुक्रबार दिउँसो हेटौंडा-१०, बुद्धचोकमा विभिन्न माग राख्दै किसानहरु धर्नामा बसेका हुन् ।

महासंघको ब्यानर तथा झण्डा बोकी किसानहरु धर्नामा बसेका थिए। पशु वस्तुमा फैलिरहेको लम्पी स्किन रोगको माहामारीले विकरालता रुप लिएकाले औषधी उपचार, राहत र क्षतिपूर्तिको व्यवस्था गर्न माग गरिएको छ । बिमा कम्पनीहरुले बिमा दावी भुक्तानी र नवीकरण नगरिरहेको भन्दै पशु बिमाको व्यवस्था गर्नसमेत किसानहरुले माग गरेका छन् ।

धर्नामा बसेका किसानहरुले रासायनिक मलको समयमा नै व्यवस्था गर्नुपर्ने र प्राकृतिक विपत्तिबाट पीडित किसानलाई तुरुन्तै राहतको व्यवस्था गर्नुपर्ने माग गरेका छन् । प्रदेश र स्थानीय तहले दिँदै आएको दूधको प्रतिलिटर अनुदान स्थानीय तहले कटौती गरेकाले नियमावली एवम् कार्यविधि बनाई तुरुन्त अनुदान प्रदान गर्न माग गरिएको छ ।

किसानलाई सहुलियत ब्याजदरमा कृषि कर्जाको व्यवस्था गर्न र कर्जा भुक्तानी एवम् ब्याजमा ग्रेस अवधी लागू गर्न माग गरिएको छ। यस्तै, किसानको सूचीकरणसहित किसान कार्डको व्यवस्था गर्न र कालिमाटी तरकारी तथा फलफूल बजारको स्टलहरु खुला प्रतिस्पर्धामा दिने व्यवस्था गर्नसमेत किसानले माग राखेका छन् ।

धर्ना कार्यक्रम किसान महासंघ मकवानपुरका अध्यक्ष विष्णु दंगालको नेतृत्वमा भएको हो । धर्नामा उपाध्यक्ष विष्णुमणि अधिकारी, सचिव शालिकराम पाण्डे, किसान महासंघका पदाधिकारीहरु, कृषकहरुको उपस्थिति रहेको थियो । माग सम्बोधन नभए किसान हरेक स्थानमा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिइएको छ ।

# रक्ततत्व निर्माण तथा वितरण सेवा उद्घाटन

समाज संवाददाता

हेटौंडाः नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाद्वारा निर्मित रक्ततत्व निर्माण तथा वितरणसम्बन्धी रक्तसञ्चार केन्द्रको उद्घाटन भएको छ । शुक्रबार बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले सेवाको उद्घाटन गर्नुभएको हो ।

२०५२ सालमा हेटौंडामा स्थापना भएको रक्तसञ्चार केन्द्रले ब्लडको मात्र कार्य गर्दै आएकोमा रक्ततत्व निर्माण तथा वितरणसम्बन्धी सेवा सुरुवात भएपश्चात् मेसिनले हेटौंडामै प्लाज्मा, प्लेटलेट्स र प्याकसेल छुट्टाछुट्टै निर्माण गरी वितरण गर्नेछ । सेवा सञ्चालनका लागि अमेरिकन रेडक्रसबाट रक्ततत्व वर्गीकरणका लागि आवश्यक उपकरणहरु सहयोग गरेको र हेटौंडा उपमहानगरपालिकाले प्लाज्मा तथा प्लेटलेट्सलाई सुरक्षित राख्न आवश्यक फ्रिजसहितको उपकरण सहयोग गरेको छ। यस्तै, मनहरी गाउँपालिकाले कार्यालय व्यवस्थापनका लागि आवश्यक सहयोग गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका इन्चार्ज टंक दाहालले जानकारी दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी मकवानपुरका सभापति लालबहादुर थापाको अध्यक्षता तथा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो। कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य सेढाई, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाई, रेडक्रस मकवानपुरका उपसभापति खेमराज सापकोटा, मन्त्री सुमित्रा काफ्ले, कोषाध्यक्ष किशोर बर्तौला, उपमन्त्री शिवहरि दाहाल, कार्यालय प्रमुख लक्ष्मण भट्टराईलगायत जिल्ला शाखा सदस्यहरु, विभिन्न उपशाखाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# गाँजासहित एक जना पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, थानाभन्ज्याङबाट लागूऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा बारा जिल्ला निजगढ नगरपालिका-१, पटिहारी बस्ने १८ वर्षीय निकेश यादव रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बिहीबार विशेष सूचनाको आधारमा चितवनबाट वीरगञ्ज जाँदै गरेको बा.प्र. ०३-००१ ख २७६२ नम्बरको बसलाई सुरक्षा जाँच गर्दा बसमा सवार यादवको साथबाट ३ किलो ५ सय ग्राम लागूऔषध गाँजा फेला पारेको प्रहरीले जनाएको छ । गाँजासहित यादवलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।












# जीवनको अस्तित्व बचाउन वातावरण संरक्षण अत्यावश्यक



**सरोजप्रसाद साह**



जीवन र वातावरणको सम्बन्ध इन्जिन र इन्धनको संगम जस्तो हुन्छ । एक अर्काको अनुपस्थितमा दुबैको बेजान तथा बेकार छन् । वातावरण भन्नाले पृथ्वीको चारैतिर फैलिएको तत्व हो । 'वातावरण' भन्ने शब्दले

सम्पूर्ण प्राणीका जन्मदेखि मृत्युसम्मका सबै कुराहरुमा अर्थात् तिनीहरुको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पार्ने अवस्थालाई पनि बुझाउँछ । सबै प्राणीको जीवन वातावरणकै भरमा टिकेको हुन्छ ।

सम्पूर्ण प्राणीको सृष्टि प्रकृतिबाटै भएकाले वातावरणलाई प्राकृतिक परिवेशका रुपमा लिइन्छ । आफूले सृष्टि गरेका प्राणीहरुलाई बाँच्नका लागि प्रकृतिले उचित वातावरण प्रदान गरिदिएको हुन्छ । प्रकृतिले स्वच्छ वातावरण तयार गरिदिएर सम्पूर्ण प्राणीको जीवनलाई स्वस्थ एवं सुरक्षित बनाइदिएको हुन्छ ।

सृष्टिको सुरुआतदेखि नै मानव, अन्य प्राणी र वनस्पतिका बीच घनिष्ठ सम्बन्ध रहिआएकै पनि छ ।

संसारका प्राणीहरुमध्येको विवेकशील प्राणी मानिस नै भएकाले वातावरणलाई जोगाउने दायित्व उसकै हातमा छ । प्राकृतिक सम्पदाहरुलाई जोगाई वातावरण संरक्षण गर्नु सबैका निम्ति हितकर छ ।

मानवलगायत अन्य प्राणीहरुको जीवन वातावरणमै भरपर्ने हुनाले वातावरणको संरक्षण गर्नु अत्यावश्यक छ ।

मानिस स्वयं प्रकृतिकै सृष्टि भएकाले उ कहिल्यै पनि प्रकृतिबाट टाढा रहेर वस्न सक्तैन । प्रकृतिले प्रदान गरेको स्वच्छ [illegible] छ; तर क आफैले वातावरणलाई प्रदूषित तुल्याई आफ्नै जीवनलाई छोट्टयाइरहेको छ । प्रकृतिका विरुद्धमा कोही पनि जान सक्तैन भन्ने कुरा थाहा हुँदाहुँदै पनि मानिस प्रकृतिमाथि विजय प्राप्त गर्ने नाममा गलत कार्यहरु गर्न पछि परेको छैन । मानिसले

भौतिक उन्नति गर्ने क्रममा प्राकृतिक वातावरणको स्वच्छतामा खलल पुऱ्याइरहेको देखिन्छ । प्राकृतिक सम्पदाहरुलाई नष्ट गर्ने काम मानिसले मात्र गरेको पाइन्छ । अन्य प्राणीहरु त प्राकृतिक सुन्दरतामै हाँस्दै-खेल्दै रमाइरहेका हुन्छन् । मानिसचाहिँ प्राकृतिक वातावरणलाई आफ्ना अनुकूल बनाउने कोसिस गर्दछ । अनि आफ्नो कोसिस असफल हुँदा क्रोधित बन्दै प्रकृतिकै विनाश गर्न अग्रसर हुन्छ । मानिसका अविवेकी क्रियाकलापहरुले गर्दा प्रकृतिका नदी, हावा, रुख, हरियाली आदि कुराहरु विकृत अवस्थामा देखा परिरहेका छन् । उद्योग र कलकारखानाबाट निस्कने फोहोर धुवाँ र दूषित पानीबाट हावा र पानी दूषित हुन गई वातावरण बिग्रिने कुरा हामीलाई थाहै छ । हावापानी दूषित भएपछि मानिसले आफू पूर्ण स्वस्थ बनेर

बाँच्ने कल्पना गर्नु व्यर्थ हुन्छ । बोटविरुवाबाट अक्सिजन प्राप्त गरी बाँच्ने आधार पाएको मान्छे तिनै बोटबिरुवाहरुलाई [illegible] फंडानी गर्दा प्राकृतिक सुन्दरता हराउने, चराचुरुङ्गीहरुको बिचल्ली हुने अनि अतिवृष्टि, अनावृष्टि, भूक्षय, बाढी, पहिरो आदिका कारण मानिसको जीवन अस्तव्यस्त बन्ने कुरा पनि सबैका अगि छर्लङ्ग छ। अनेकौं शक्तिशाली बमहरु विष्फोट गराई प्रकृतिलाई चिढ्याउन पनि मानिस पछि परेको छैन । यस्ता कार्यहरुले गर्दा वातावरण अस्वच्छ भई निस्केका अनेकौं भयानक रोगहरुको सिकार भई बाँच्न मानिस वाध्य भएको छ । यदि मानिस स्वस्थ भई बाँच्ने हो भने उसले अत्यन्त सचेत भई वातावरणको संरक्षण गर्नुपर्दछ र मानवहितका लागि यसो गर्नु आवश्यक नै छ ।

बितेका केही दशकयता वातावरण प्रदूषित हुने क्रममा निकै तीव्रता आएको पाइन्छ । प्राकृतिक सम्पदाहरुको विनाश, अव्यवस्थित बसोबास, जनसंख्याको बढ्दो चाप आदि कुराहरु वातावरण प्रदूषणका प्रमुख कारण हुन् । यसबाट मानिसले निकै ठूलो क्षति बेहोर्नुपरेको कुरा पनि सबैले महसुस गरेका छन् । त्यसैले आजभोलि मानिसमा वातावरणको संरक्षण गर्ने चेतना पलाउन थालेको छ । वातावरण-संरक्षणको विषयलाई लिएर अहिले विश्वव्यापी रुपमा नै चिन्ता बढ्न थालेको पाइन्छ । यसका लागि विश्वव्यापी रुपमा ठूलाठूला सभा-सम्मेलनहरुको आयोजना भइरहेको पाइन्छ । "पृथ्वी एउटै छ, यसको संरक्षण गरौं र यसलाई सबै मिलेर भोग गरौं" भन्ने साझा विचार मानिसहरुमा पलाउँदै गएको भेटिन्छ । प्राकृतिक स्वच्छतामै सम्पूर्ण प्राणीको जीवन सुखी हुन सक्छ भन्ने कुराको महसुस सबैले गर्नुपर्दछ ।

वातावरण स्वच्छ नभएमा मानिस अपाङ्ग नै बन्न पुग्दछ । अपाङ्गभएर बाँच्नु ज्यादै गाह्रो हुन्छ । मानिस स्वस्थ छ भने उसले जीवनमा धैरै कामहरु गर्न सक्तछ । मानिसले "स्वास्थ्य नै जीवन हो" भन्ने कुरा कदापि बिर्सनुहुँदैन । वातावरण स्वच्छ हुँदा मात्र मानिस स्वस्थ बन्न सक्तछ भन्ने कुरालाई सबैले आत्मसात् गर्नुपर्दछ । त्यसैले सबै मिलेर वातावरणको संरक्षण गर्नु आजको आवश्यकता नै हो । यसको संरक्षणका लागि कार्य गर्न कसैले पनि कन्जुस्याइँ गर्नुहुँदैन । जुन काम गर्दा वातावरणमा नराम्रो असर पर्छ, त्यस्ता कामहरु बिर्सेर पनि गर्नुहुँदैन । प्रकृतिको नियमलाई मिच्ने वा विथोल्ने काम कहींबाट र कसैबाट हुनुहुँदैन । एकै पलमा प्राकृतिक सुन्दरतालाई नष्ट गरिदिने खालका विष्फोटक पदार्थहरुको प्रयोग नगर्नु नै राम्रो हो । प्रदूषित वातावरण मानवजातिको सर्वनाशको जड भएकाले वातावरणलाई स्वच्छ राख्ने प्रयास गर्नु सचेत मानवको खास कर्तव्य हुन आउँछ । मानिसले बिगारेको वातावरणलाई फेरि मानिसले नै संकल्प लिएर प्रारम्भिक अवस्थामा ल्याउनुपर्छ । जीवनको स्वस्थताका निम्ति स्वच्छ वातावरण निकै महत्वपूर्ण रहेकाले यसको संरक्षणमा व्यक्ति, समाज र विश्वले नै सचेत बन्नुपर्ने आवश्यकतालाई नकार्न सकिन्न । अब हामी सबै विश्वका मानिस सचेत हुनुपर्छ र यो संसार र जीवनको अस्तित्व बचाई आफ्नो पनि अस्तित्व बचाउन सक्नुपर्छ । जय नेपाल ।

Saro foundation Nepal

## आमा को हुन्



**अनिशा राना**

आमा भगवान् हुन्
पैसामा किन्ने कोशिस नगर ।
आमा सहनशीलताकी प्रतिमूर्ति हुन्
गिज्याउने नगर ।
आमा ईश्वर हुन् दर्शन गर्न सिक ।
आमा मायाकी खानी हन्
मायाको अर्थ बुझ्न सिक
आमा शिक्षाकी प्रथम गुरु हुन्
आर्जन गर्न सिक ।
आमा संसार हिँडाउने हुन्
सभ्यताले हिँड्न सिकक ॥

कक्षा: ११
सोलिड्यारीटी इन्टरनेशनल सेकेण्डरी बोर्डिङ्ग

## जेमेट्रि बक्स



**स्पन्दन बर्तौला**

स्कुल छुटि्ट भएपछि
घर आउँछु म
घर आएपछि
हात खुट्टा धुन्छु म
आमासँग १०० रुपैयाँ माग्छु म
१०० रुपैयाँ पाएपछि पसल जान्छु म
पसल गएउपछि जेमेट्रि बक्स माग्छु म
जेमेट्रि बक्स पाएपछि
घर आउँछु म
त्यही जेमेट्रि बक्समा
पेन पेन्सिल हाल्छु म

कक्षा-४
बाल जागृती बोर्डिङ स्कुल

## चित्कार

(लघुकथा)



**पं.ज्यो.तोयनाथ सुवेदी**

**नाकमा नथेर र घाँटीमा दाम्लोले बाँधेर हिँडेकी भैँसीले अर्किलाई सोधी, 'कता हो ?'**

**'कता हुनु साथी यी निर्दयी नर्कगामी ब्वाँसा भनाउँदा मनुष्यको जिब्रोको तलतल र भुँडीको भोक मेट्न हिडेकी नि ।'**

**'हेर साथी ! हाम्रो आँशु, क्रन्दन, चित्कार, गुहार कसैले यहाँ सुन्दैनन् किनकी हामी पशु हौँ, यहाँ त मानवले मात्र बाँच्नु पर्छ ।'**

**जवानीमा हाम्रो दूध निमोठी–निमोठी तिनीहरु र तिनका छोराछोरीले आफ्नो रगत बढाए ।'**

**हामी बुढाबुढी भएर तीर्थ यात्रा जान लागेका होइनौं, अपितु आफूले नगरेको अपराधको मानवीय सर्वोच्च अन्तिम फैँसलाको यात्रामा जाँदैछौँ ।'**

**'तिम्रो जे गत मेरो पनि त्यहि गत साथी ! तिमी मेचीदेखि आयौ म महाकालीदेखि आएँ ।'**

**हामीले मानिसलाई देउता मानेका थियौँ तर स्वादका कुलतमा र चोक्टाका लालचमा फस्ने ए मानिस ! तिमीहरुप्रति हाम्रो अनन्त चित्कार र हार्दिक समवेदना............!!!!!** *हेटौंडा–८, कमाने*

## मन रहेन



**इरफान अंसारी**

मन थियो
मन मै रह्यो
भन्नलाई सानो ठूलो
जात आयो
उसले माया गर्नु जीवनमा
उसका लागि पाप भयो

दुईतिरको माया उसको
अन्तिम मेरो त्याग भयो
हासी खुसी रहनु तिमी
मिठो केही पलको साथ रह्यो
भुल्देउ अब सबैकुरा
तिम्रो सुरु भयो
नयाँ यात्रा अब

कक्षा-१२
हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

## देशको परिवर्तन



**भोजराज संजेल**

वैज्ञानिकहरुको नयाँ अविस्कारसँगै
देशकै व्यवस्था परिवर्तन हुँदै गयो ।
खाना पकाउने त्यो कालाभाँडा र दाउरे चुलो
ग्याँसमा परिवर्तन भई विद्युतीय उपकरणसम्म पुग्यो ॥

इन्टरनेटको माध्यम सुरुवात भएसँगै
सारा विश्व नै एउटै गाउँ झैँ भयो ।
नेपालमा बनाइने उनको कपडाहरु
हाम्रो समाजमा प्रयोग हुन छोड्दै गयो ॥

साना ठुला मोटर गाडीको सुरुवातसँगै
द्रुतमार्गको स्थापना हुँदै गयो ।
सवारी साधनले गर्दा चौँरी गाई, घोडा पाली
समान बोकी कमाई खानेको बाटो बन्द हुँदै गयो ॥

सुचना प्रविधिको विकास भएसँगै
सुचना आदान प्रदानमा सहज हुँदै गयो ।
कागजपत्रमा लेखिने चिट्ठीपत्रको
समाजमा लोक प्रियता हराउँदै गयो ॥

देश विदेशको परिवर्तनसँगै
मान्छेमा वृद्धि विवेक चेतनामा वृद्धि हुँदै गयो ।
पहिले ओल्लोपल्लो गाउँका मान्छे अपरिचित थिए
अहिले समयको परिवर्तनले एउटै परिवार झैँ बनाउँदै गयो ॥

बकैया-७, कक्षा-१२ कानुन संकाय सिद्धार्थ माध्यमिक विद्यालय

## चित्रकला



**रुबिन मुक्तान**
**कक्षा-९, निर्मल मावि।**



## ए दिन, पर्खिन यार एकछिन्

**रविन्द्र कार्की**

ए दिन,
पर्खिन यार एकछिन्
ठण्डीको न्यानोमा म बसुँ कि भन्छु ,
तँ जिन्दगी आँधी हो कुद् कुद् भन्छस् ।
बालैपनको साथी किन नभेटियोस् नबोल भन्छस् ॥
मेरो बिन्तीको के वास्ता तँलाई ॥

ए दिन,
पर्खिन यार एकछिन् ।
म पछ्याउनेछु अब तँलाई
सकेसम्म लय मिलाएर ,
एक समर्पित प्रशंसक जस्तै ।
तर बलवान भएको घमण्ड नगर्न है ॥

ए दिन,
पर्खिन यार एकछिन् ।
जब बिहानीको उज्यालो पखेटा हालि उड्छ,
तेरो हतारोको बिजुली तेज चम्किन्छ ॥
म रमाउन चाहन्छु प्रत्येक दृश्य स्वाद लिँदै
दौडिन्छस् तँ पलहरु मेरो मुट्ठीबाट चिप्लाइदिँदै ॥

ए दिन,
पर्खिन यार एकछिन् ।
तँ छिटो छस् म पछि परें ,
तर सँगै लैजान तेजिला पाइला सँगै तेरा ।
हिँड्छु तेरै लय समाती,
बनुँला बरु भक्त पनि पछ्याई पदचाप तेरा ॥

## गाउँखाने कथा

१. मानिस बोकी लहरालाई समाउँदै कुट्ने, टहरो छहरो केही होइन के हो सबले बुझ्ने ।
- ट्लिबस

२. माया गरे चुपचाप बस्छ, लात्ती हाने खुरुखुरु हिँड्छ ।
- मोटरसाइकल

३. बैठक कोठा ढुक्क रुङ्छु, मान्छे बसे लिपिक्क हुन्छु ।
- सोफा

४. उँभो थली उँभो नली, यो कथा नजान्ने मेरो घरको हली ।
- कर्कलो

५. वारी भऱ्याङ पारी भऱ्याङ बीचमा छ करङ, त्यो करङमा टेकेपछि हुन्छ हर्लङहर्लङ ।
- झोलुङ्गे पुल

# मेरो देश



✍सविता दङ्गाल

बादलुको घुम्टो भित्र लुकेको तिम्रो
सुन्दरताको बयान म कसरी गरौं
जब तिम्रो मुहारमा घामको दृश्य
लुकामारी खेलिरहँदा लाग्छ तिमी
स्वर्गबाट झर्दै गरेकी अप्सरा हौं ॥

अनि जब तिम्रो वरिपरी बादलले
तिमीलाई बेहुली जस्तै गरी शृङ्गार
गरिरहेकी हुन्छिन्
तब तिमी प्रतिको प्रेम, मोह
झन गाढा हुँदै जान्छ
अनि सोच्छु
किन तिमी यति राम्री छ्यौ ?

हजारौं अनि लाखौंको भीडमा
म पार्न तिम्रो प्रशंसक हुँ
तिम्रो मात्र होइन
तिम्रो छायाँको पार्न
बयान गर्छन मानिसहरु
सेतो दन्तलहर खोलिदिँदा
मोहित हुन्छन् सबै
झन् व्यसमार्थ
हरियो केश लोभलाग्दो ॥

गहिरो अनि निला आँखा
तिम्रो सुन्दरता बयान गर्नेहरुको
जमात देख्छु जतातत‍ै
तिमीलाई हेर्न भनि स्वदेश अनि
विदेशबाट आउने ती नवआगन्तुकहरुको
भीड देख्छु
त्यही भीडमा म आफूलाई पनि पाउँछु
म पनि तिम्रो सुन्दरताको पारखी हुँ ॥

प्रकृतिरुपी तिमी जस्ता सुन्दरी
सायद कमै होलान
जब तिम्रो काखमा हिँउका गुच्छाहरु वर्षिन्छन्
अनि सुन्दरतामा झन् बढी निखार पाउने गर्छु
अनि गर्व गर्छु तिमी मेरो देश जन्मियो
सगरमाथा नामले विश्वसामु तिमीले नेपाललाई चिन
तिमी साँच्चै विश्वको सुन्दरी हौं
मेरो देश नेपाल !

# विद्यार्थी जीवन



✍अप्सरा जिम्बा

असल विद्यार्थी बन्नु छ
पाइला चाल्नु छ
आफ्नो ईर्ष्यालाई त्यागेर
गन्तव्यलाई सफल पार्नु छ ।

आफ्नो पैतालालाई नरोकी
शिखर सम्म पुग्नु छ
जतिसुकै बाधा आएपनि
सपनालाई पूरा गर्नु छ ॥

गाह्रो छ है विद्यार्थी जीवन
कति धेरै संघर्ष गर्नुपर्छ
त्यही संघर्षमा लागी परी
भोलीका कर्णधार बन्नुपर्छ ॥

साथीभाई साथीसङ्गी भन्दा भन्दै
आफ्नो जीवन रोकिएको थाहा छैन
त्यही आफ्नो साथी मित्रताको कारण
जीवन संघर्षमा परेको थाहा छैन ॥

अपरिहार्य छ है विद्यार्थीको जीवन
गाँजा, चुरोट, धुम्रपान नगरौं है सेवन
आमा बुबाको मिहिनेत फाल्नु हुन्न खेर
नत्र एक दिन परिहाल्छ बन्धनको जेल ॥

कक्षा: १०
श्री अमर मा. वि

# गुरु



✍स्मृती भट्ट

दुई अक्षर मिसिएर बनेको यो शब्द
विद्ययार्थीको भविष्य बनाउने हामी सबैको गुरु उत्कृष्ट
सानैदेखि पढाएर ठूलो मान्छे बनाउने
परिवार पकिो भगवान् गुरुलाई नै मानिने

मतभेद नगरी सबैलाई समान व्यवहार गर्ने
हरेकको जीवनमा ज्ञानको दीप छर्ने
अहिले प्रसिद्ध बनेका मानिस गुरुको नै ज्ञानले
हामी भविष्यमा अघि बढ्छौं उहाँकै ज्ञानको साथले


पढाउने मात्र होईनन् गुरु
जीवनको बारेमा आउने
हरेक कठिनाई हटाउने गुरु
उनकै सत्मार्गमा हिँडने मानिस बन्छ ठूलो

आत्मविश्वासी बनाईदिने हाम्रा भगवान हु गुरु
जीवनमा भानिर्भता भरिदिने हुन हाम्रा गुरु
सबैको मनमा नयाँ आशा पलाईदिने हुन हाम्रा गुरु
भविष्यलाई उज्जवल बनाईदिने हुन हाम्रा गुरु

केही शब्द छैन उनको अर्थ बयान गर्न
आजको कोपिला भविष्यको कर्णधार
भन्दै हिँड्छन आशा छर्न
उनकै आशिष लागोस् ठूलो मानिस बन्न ।

*कक्षा-८, जीएस निकेतन मावि*

# चन्द्रमा



✍विमर्श श्रेष्ठ

चन्द्रमा सधैँ चुलिरहन्छ आकाशे दुनियाँमा
प्रकाशले उज्यालो छरी फूल फुल्यो वनमा
उसको दृष्टिमा पूरा दुनियाँ मोहित भयो
पूर्णिमा रातमा सूर्य झैं भई दिन बनायो

ए, प्यारी जून नजाऊ छोडी एक्लो यो विश्वमा
सूर्य कटे झैँ फर्किरहन्छौ मेरो मनमा
तिम्रो दृष्टिका लागि त धेरै खटिरेका छन्
तिम्रो दृष्टि पाई आँखा मन आनन्द छन्

दाग धेरै भए पनि तिमी त साह्रै सुन्दर छौ
सबैको भित्र राम्रो नि हुनु प्रमाणित गरेछौ
खुल्ला आकाशमा हक जमाई रानी बनेछौ
सपनाको रानी भएर तिमीले मोहित पारेछौ

औंसीको रात हरायौ तिमी अति न्यास्रो लाग्यो
फेरि जन्मेझैं पूर्णिमा रातमा तरुनी भयो
मायाको चिन्ह भई बसेछौ सबैको मनमा
सुन्दरता तुलना गर्ने कोही छैन संसारमा

कक्षा-९, नवोदय शिशु सदन

# धन



✍कृतज्ञ राई

सबै जनालाई चाहिन्छ धन
धन हुने मानिसको बिग्रिन सक्छ मन
कसैले दिन सक्दैन थोरै पनि धन
मानिसहरुलाई दिंदा धन लोभिन्छ मन

धनलाई मन पराउँछन् सबैले
सबैलाई लाग्छ धनभन्दा ठूलो हुँदैन कहिले
सबैलाई लाग्छ धनले किन्न सक्छ जे पनि
धन नहुने मान्छेलाई चाहिँ किन हेप्नी

कक्षा-५, नवोदय शिशु सदन

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा




अब 

होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: जोखिम र संकट देखि बच्दा राम्रो रहन्छ । दुराशा र महत्वकांक्षा थाती राख्दा राम्रो होला । व्यापार–व्यवसायको कुरा गर्दा सहयोग नपाइने समय छ । बन्न लागेको काम बिग्रन सक्छ । प्रशासनिक समस्या उत्पन्न होला । वैदेशिक योगबाट हानी होला । भेटघाट तथा पारिवारिक मिलन होला । पढाई–लेखाईमा मिहिनेत गर्नुपर्ला ।

**वृष राशि**: आत्मीय मित्रसँग रमाइएला । दाम्पत्य जीवन स्मरणीय बन्ला । व्यवसायिक समस्या समाधान हुने समय छ । नयाँ विषयवस्तुले आकर्षित तुल्याउँला । कमेडीजन्य क्रियाकलापमा झुकाप बढ्ला । कल्पनाशील र भावुक बन्ने समय छ । व्यवस्थापकीय क्षमताको उपयोग हुनेछ । वैदेशिक प्रयोजनका काममा मन जाला । अध्ययन–अध्यापन ठिकै रहला ।

**मिथुन राशि**: प्रतिद्वन्द्वीहरुका माझमा आफ्नो क्षमता प्रदर्शन गर्ने समय छ । निराशा र खिन्नता त्यागेर जिम्मेवारी ग्रहण गर्ने समय आएको छ । आवश्यक यात्रा योग होला । मानसिक रुपमा सबल भइने छ । आफन्तको साथ सहयोग प्राप्त होला । अरुको सहयोगमा तनाब बढ्ला । सामाजिक र धार्मिक काममा दौडधूप होला । पढाइ–लेखाइ ठिकै रहला ।

**कर्कट राशि**: अध्ययन–अध्यापन वा ज्ञानमूलक क्षेत्रमा आकर्षण बढ्ने समय छ । प्रेमिल भावनाको उदय हुनेछ । मन प्रफुल्ल र उत्साही बन्ने छ । रमाइलो जमघट हुनेछ । काम धन्दा र व्यापार–व्यवसायका लागी ठिकै समय छ । विलासीताको झुकाव बढ्ला । यात्रामा सरिक भइनेछ । कल्पना र भावनामा अलमलिन सक्छ । कला र साहित्यमा झुकाव ।

**सिंह राशि**: शारीरिक स्वस्थता बढ्ला । चिन्तामा वृद्धि हुने समय छ । आफन्तको व्यवहारले दिक्क लाग्ला । व्यवहारमा कारोबारलाई नयाँ गति दिने समय छ । आश्वासन र लोभमा नभुल्दा राम्रो । आत्मीय मित्रको स्वास्थ्यमा समस्या बढ्ला । पढाई–लेखाई ठिकै छ । सामाजिक, धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने समय योग छ ।

**कन्या राशि**: आफन्तको काममा समय व्यतित होला । यात्रा र भेटघाटमा समय बित्ला । पराक्रम र प्रसिद्धिमा वृद्धि हुने समय छ । कार्यालयमा सहकर्मीले सहयोग गर्लान् । बन्द व्यापार र क्रयबिक्रयबाट लाभ प्राप्त हुने समय योग छ । सामाजिक र धार्मिक काममा मन जाला । विदेशका काममा बाधा योग छ । पढाई–लेखाई मध्यमकारक छ ।

**तुला राशि**: आत्मसंतुष्टि र आनन्द खुशी सिर्जना हुने समय छ । धनार्जनका दृष्टिले राम्रो समय छ । वस्त्राभूषण प्राप्त होला । अरुको सेवामा लागि परिने समय छ । रोकिएको धन प्राप्त होला । पठनपाठनमा त्यति ध्यान केन्द्रित नहोला । बौद्धिक क्षमताको सदुपयोग गर्न सकिन्छ । प्रेममा समुचित समय छ । दीक्षा–शिक्षामा प्रसिद्धि छ ।

**वृश्चिक राशि**: भेटघाट र मिटिङ्गमा प्रदर्शन गर्ने समय छ । नयाँ काम र स्वरोजगारका लागि उत्तम समय छ । कामधन्दाबाट केही फाइदा बटुलिएला । सम्मान, पुरस्कार र प्रतिष्ठा प्राप्ति योग छ । प्राभिक क्षेत्रमा समेत राम्रो छ । रमणीय यात्रा योग होला । पढाइ–लेखाइ र धार्मिक सामाजिक काममा सरिक भइएला ।

**धनु राशि**: परिबन्ध र बाध्यताका काममा रुमल्लिनुपर्ला । व्यवहारिक खर्च बढ्न सक्छ । वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला । व्यापार–व्यवसायमा दौडधूप बढ्ला । ईच्छाको कदर होला । मित्र र परिवारको सहयोग प्राप्त होला । मर्यादा र मानप्रति सचेतना अपनाउँनु पर्ला । रमाइलोमा बाधा होला । खर्च बढ्नाले मन खिन्न होला ।

**मकर राशि**: योजनाहरु बन्ने समय छ । अर्कोको सहयोगको लागी समय र धन खर्च होला । अड्किएका र फँसेको धन प्राप्त होला । ठेकापट्टाका काम र व्यापार व्यवसाय ठिकै रहला । घरभित्रका समस्याले पीडा पुऱ्याउँदा मानसिक तनाब बढ्ला । पठनपाठनका क्षेत्र तथा बौद्धिक र ज्ञानबिष्ठ क्षेत्रमा थप मिहिनेत गर्नुपर्ला । शत्रुहरु बढ्न सक्लान् ।

**कुम्भ राशि**: काममा द्विविधा हुँदा अनुभवीको राय लिँदा राम्रो । ठूलाबडाको राय सुझावले लाभ प्राप्त होला । पेशा र व्यवसायलाई देखाएर छाड्नुपर्ने परिस्थिति बन्न सक्छ । आशावादी बनेर प्रयास गर्दा राम्रो । व्यापार–व्यवसायका कारोबारमा राम्रै आय होला । अध्ययन–अध्यापन ठिकै रहला । धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।

**मीन राशि**: अरुबाट प्रशंसा बटुल्ने समय छ । कामले पूर्णता पाउने समय छ । नचिताएको ठाउँबाट आम्दानी बढ्ला । एउटै कामबाट दोहोरो लाभ होला । समुदायको हितमा लागिएला । नयाँ जानकारी प्राप्त होला । हाँके ताकेका कामहरु पूर्ण होलान् । व्यापार–व्यवसाय ठिकै रहला । परोपकार, धार्मिक तथा सामाजिक काममा सरिक भइएला ।

## मोटरसाइकल हराएको सूचना


मिति २०८० साल श्रावण ११ गतेका दिन बेलुका ८:१० बजेको समयमा हेटौंडा–१२, सिग्रेनी बस्ने भिम बहादुर थापाको नाममा रहेको बा.प्र. ०३–००३ प ८६८९ नम्बरको कालो र रातो रङ्गको पल्सर २२० सिसिको मोटरसाइकल (च्याचिस नम्बर (MD2ABEX8MCK80323, इन्जिन नम्बर DKXCMK50750) हेटौंडा–१, हेटौंडा अस्पताल अगाडि पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सूचना प्रकाशित गरिन्छ ।

सम्पर्क: ९८४११११६०

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# वर्षाले फाइनल खेल स्थगित

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी प्रथम सामाज कल्याण कप फुटबल प्रतियोगिताको फाइनल खेल वर्षाको कारणले स्थगित भएको छ। शुक्रबार हुने भनिएको फाइनल खेल वर्षाको कारणले खेलाउन सम्भव नभएर स्थगित गरिएको खेल आयोजक सस्मीत ढकालले जानकारी दिनुभयो ।

प्रतियोगिताको फाइनल खेल आज शनिबार ३:०० बजे हुने भएको छ । प्रतियोगिता विजेताले ३० हजार र उपविजेताले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# ६३ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१६ स्थित जनप्रिय माध्यमिक विद्यालय युवा रेडक्रसले वृहत् रक्तदान कार्यक्रम आयोजना गरेको छ । मकवानपुर जिल्लामा रगतको अभाव हुन नदिन रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

शुक्रबार आयोजना गरिएको रक्तदान कार्यक्रममा ६३ जनाले रक्तदान गरेका छन् । शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावकहरुले रक्तदान गरेको जनप्रिय माध्यमिक विद्यालयका शिक्षक सुनिल गौतमले बताउनुभयो ।

# एसईईका उत्कृष्ट विद्यार्थी सम्मानित

समाज संवाददाता

हेटौंडाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरले संस्थागत विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ। बिहीबार हेटौंडामा एक कार्यक्रम आयोजना गर्दै एसईई–२०७९ मा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई सम्मान गरिएको हो ।

३ दशमल ६ जीपीएदेखि ४ जीपीए ल्याउने एक सय ७१ जना विद्यार्थीलाई मायाको चिनोसहित सम्मानपत्र र पुस्तकद्वारा सम्मानित गरिएको छ। निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष विनोद सुवेदीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। मेयर लामाले मन्तव्य राख्नुहुँदै आफ्नो क्षमताको आधारमा विषय छनौट गर्न आग्रह गर्नुभयो ।

## यु-१६ फुटबल प्रदेश छनौट

# मकवानपुरका १२ खेलाडी छानिए



मकवानपुरका खेलाडीको बिदाई गरिँदै । फाइल तस्वीर

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय टिम तयारीका लागि यु–१६ फुटबल खेलाडी छनौट कार्यक्रमअन्तर्गत् प्रदेश छनौटबाट मकवानपुरका १२ जना खेलाडी छनौट भएका छन्। बागमती प्रदेश फुटबल संघको आयोजनामा बुधबार र बिहीबार एन्फा कम्प्लेक्सको खेल मैदानमा भएको छनौटबाट मककवानपुरका १२ जना खेलाडी छानिएका हुन् ।

छनौट हुनेमा पवन दलामी, उप्रान्त आले, लिसन गुरुङ, रिजन जिसी, असन प्रजा, प्रमित खत्री, रोशन गोले, प्रनिश भण्डारी, अमित स्याङ्तान, आरोन गुरुङ, रवि थिङ र विकल राना मगर रहेका छन् । छनौट भएका १२ जनाले आगामी मंगलबारदेखि शनिबारसम्म हुने राष्ट्रिय छनौटमा सहभागी जनाउने मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो । मकवानपुरबाट २७ जनाले प्रदेश छनौटमा सहभागी जनाएका थिए । यु–१६ राष्ट्रिय टिमले दक्षिण एसियाली यु–१६ फुटबल प्रतियोगितामा सहभागिता जनाउनेछ । यु–१६ फुटबल प्रतियोगिता आगामी भदौ १५ देखि २५ गतेसम्म भुटानमा आयोजना हुँदैछ ।

# क्याम्पसमा प्याड भेन्डिङ मेसिन

समाज संवाददाता

हेटौंडाः हेटौंडा–२ स्थित मकवानपुर बहुमुखी क्याम्पसलाई सेनिटरी प्याड भेन्डिङ मेसिन सहयोग गरिएको छ । स्वतन्त्र विद्यार्थी युनियन मकवानपुर बहुमुखी क्याम्पसले मेसिन हस्तान्तरण कार्यक्रमको आयोजना गर्दै सेनिटरी प्याड भेन्डिङ मेसिन सहयोग गरेको हो ।

सिद्धार्थ बैंक लिमिटेडको आर्थिक सहयोगमा प्राप्त मेसिन बिहीबार मकवानपुर बहमुखी क्याम्पसका प्रमुख डा. शंकर उपाध्यायलाई हस्तान्तरण गरिएको छ । ६० हजार रुपैयाँ मूल्य बराबरको उक्त मेसिन स्वतन्त्र विद्यार्थी युनियन मकवानपुर बहमुखी क्याम्पसका अध्यक्ष छोइसाङ लामाले क्याम्पस प्रमुख उपाध्यायलाई हस्तान्तरण गर्नुभएको हो ।

# उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी सम्मानित

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) जिल्ला कमिटी मकवानपुरले माध्यमिक शिक्षा परीक्षा (एसईई), बीबीएस, बीबीएम र बीबीए परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ। हेटौंडा–२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको सभाहलमा एक कार्यक्रम आयोजना गर्दै उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई शुक्रबार सम्मान गरिएको हो ।

सामुदायिक र संस्थागत विद्यालयबाट एसईई–२०७९ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने २ सय २५ जना विद्यार्थीलाई सम्मानित गरिएको छ। यस्तै बीबीएस, बीबीएम र बीबीए परीक्षामा उत्कृष्ट नतिजा ल्याउने ११ जना विद्यार्थीलाई सम्मानित गरिएको छ। एसईई परीक्षामा जीपीए ३.२ भन्दा बढी ल्याउने विद्यार्थी, बीबीएस, बीबीएम र बीबीएमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विद्यार्थीलाई सम्मान गरिएको हो ।

बीबीएबाट सर्वोकृष्ट नतिजा प्राप्त गर्दै नेपाल टप हुन सफल सृष्टि महर्जन, बीबीएसबाट प्रकाश गौतमलगायतलाई सम्मानित गरिएको छ । अनेरास्वविय‍ु जिल्ला कमिटी मकवानपुर संयोजक अमृत बर्तौलाको सभाध्यक्ष तथा अनेरास्वविय‍ु केन्द्रीय कमिटी सचिव सञ्चिव धितालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. उपाध्याय, अनेरास्वविय‍ु केन्द्रीय स्थायी कमिटी सदस्य किशन घिसिङ, अनेरास्वविय‍ु केन्द्रीय सदस्य भुवन मैनाली, अनेरास्वविय‍ु मकवानपुर वहुमुखी क्याम्पस कमिटी अध्यक्ष प्रसिद्ध रेग्मीलगायतको आतिथ्य थियो ।


# हार्दिक आमन्त्रण



जन्मः १९९०/१०/१३ **स्व. विष्णुकुमारी बानियाँ** स्वर्गारोहणः २०८०/०४/२

हाम्री ममतामयी आमा **विष्णुकुमारी बानियाँ**को ९० वर्षको उमेरमा मिति २०८० साल साउन २ गतेका दिन बिहान ५:३० बजेको समयमा स्वर्गारोहणले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा आमाप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, हामीप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्णमा कृतज्ञता व्यक्त गर्दै **१३ औं पूण्यतिथि**मा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि आमन्त्रण गर्दछौं ।

**तपसील**

मितिः २०८० साल साउन १४ गते आइतबार
समयः दिनको २ बजेपछि
स्थानः हेटौंडा-५, भैरवरोडस्थित बानियाँ निवास

**भवदीय**

छोराहरु अजित बानियाँ/अनिल कुमार बानियाँ






**नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा सञ्चालन गरिएको सहर्ष जानकारी गराइन्छ ।**



**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np



# डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**








**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

**अध्यापन हुने विषय/समूहहरू**

- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

**धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।**

साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।

**कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।**

प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरूः ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ